# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०७७/०७८ मिति : २०७७/१२/२०
चलानी नं.:- १२२६

विषय : नागरिकता सिफारिस सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
मिथिला नगरपालिका ।

उपरोक्त सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय, धनुषाको च.न. ६४७० मिति २०७७/१२/११ गतेको नागरिकता सिफारिस सम्बन्धी पत्रको छाँयाकापी यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त पत्रमा उल्लेख भएको व्यहोरा अनुसार गर्न/गराउन अनुरोध छ ।

.......................
रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय :-०४१-४२००७५
फयाक्स :- ०४१-४२०४५०
E-mail : daodhanusha20@gmail.com'

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

पत्र संख्या : ०७७/०७८(प्रशा.)
चलानी नं. : ६४६०

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनुषा

मितिः- २०७७/१२/११

मिथिला नगरपालिका
... , धनुषा
दर्ता नं.- ३४६०
मिति. २०७७/१२/११

श्री स्थानीय तह सबै,
धनुषा ।

विषय : नागरिकता सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय (नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा) को च.नं. ३४९ मिति २०७७/११/१३ को पत्र मार्फत नागरिकताको प्रमाण पत्र वितरण सम्बन्धी अभिलेख व्यवस्थित, वैज्ञानिक, आधुनिक एवं Paperless बनाउनको लागि नागरिकता प्रमाण पत्रका लागि तहाँ पालिकाका वडा कार्यालयहरुबाट सिफारिस भई आउने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरु (Supporting Documents) समेत नागरिकता सूचना व्यवस्थापन प्रणालीमा Scan गरी मिति २०७८/०१/०१ गतेदेखि लागू हुने गरी अनिवार्य रुपमा अपलोड गर्ने भनी निर्देशन भए बमोजिम तहाँ पालिकाको वडा कार्यालयहरुबाट नेपाली नागरिकताको लागि सिफारिस गर्दा अनुसूची फाराम लगायतका अन्य कागजातहरुको साईजमा एक रुपता कायम गर्न अनिवार्य रुपमा A4 साईजको कागज मात्र प्रयोग गर्नु/गराउनु हुन अनुरोध छ । मिति २०७८/०१/०१ गते देखि यस कार्यालयमा र ईलाका प्रशासन कार्यालय यदुकुहामा नेपाली नागरिकता प्रमाण पत्रको लागि सिफारिस गर्दा अनिवार्य रुपमा सम्पूर्ण कागजातहरुको साईज A4 हुनुपर्ने अन्य साईजको कागजात सिफारिस भई आएमा नागरिकता सम्बन्धी सेवा प्रवाह नहुने हुँदा सो व्यहोरा आफ्नो वडा कार्यालयहरु र सेवाग्राहीहरुलाई समेत जानकारी गराई दिनु हुन अनुरोध छ । साथै केही वडाहरुबाट नागरिकता प्रमाणपत्रको सिफारिस भई आउँदा वडा कार्यालय र वडाध्यक्षको छाप, हस्ताक्षर तथा कार्यवाहक वडा अध्यक्षको हकमा कार्यवाहक पत्र समेत नभई आउने गरेको तथा अनुसूची फारामको गुणस्तर अत्यन्तै न्यून भएकोले सनाखत गराउन कठिनाई भएको हुँदा नागरिकताको सिफारिस गर्दा गुणस्तरयुक्त A4 साईजको अनुसूची फाराम, कार्यालय छाप, हस्ताक्षर, कार्यबाहक वडाध्यक्ष पत्र सहित सिफारिस गर्नु/गराउनु हुन समेत अनुरोध छ ।

०७७/१२/११

.................
दीपक कुमार कर्ण
सहायक प्रमुख जिल्ला अधिकारी



श्री प्रशासन/IT शाखा,
सबै वडा कार्यालयहरूलाई पत्राचार गराउनुहुन।
१२/११